# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल असोज महिना ११ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको सावां, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१. शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **प्रकाश हार्डवयर सेन्टर** प्रोप्राइटरको नाम : प्रकाश चन्द्र रावल प्रा.फ.र.नं. : १६६५/०६९/०७०
जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङ
दर्ता मिति : २०६९/११/०१
रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला वेनिघाट गा.वि.स. वडा नं. १ स्थायी लेखा नं. : ६०१०५८६९५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१. दिप बहादुर रावलको नाति राम बहादुर रावलको छोरा धादिङ जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ३ बस्ने **प्रकाश चन्द्र रावल** (ना.प्र.नं : ४४७८२, जारी मिति र जिल्ला : २०५८/०७/२६, धादिङ)

२. दिप बहादुर रावलको नाति राम बहादुर रावलको छोरा धादिङ जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. २ बस्ने **इश्वर चन्द्र रावल** (ना.प्र.नं : ३२४८६, जारी मिति र जिल्ला : २०५६/०७/१४, धादिङ)

३. सलक बहादुर रावलको नाति दिप बहादुर रावलको छोरा धादिङ जिल्ला महादेवस्थान वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. २ बस्ने **राम बहादुर रावल** (ना.प्र.नं : ५८६, जारी मिति र जिल्ला : २०३६/११/२८, धादिङ)

४. राम बहादुर रावलको बुहारी प्रकाश चन्द्र रावलको पत्नी धादिङ जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ३ बस्ने **रन्जिता गिरी (रावल)** (ना.प्र.नं : २६ ४३/३८, जारी मिति र जिल्ला : २०६१/१२/०७, धादिङ)

५. दिप बहादुर रावलको बुहारी राम बहादुर रावलको पत्नी धादिङ जिल्ला महादेवस्थान वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. २ बस्ने **भद्र कुमारी रावल** (ना.प्र.नं : २/७२५, जारी मिति र जिल्ला : २०४४/१०/२७, धादिङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०४/३२ का अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| राम बहादुर रावल | धादिङ जिल्ला महादेवस्थान वडा नं. ५ | ५छ | ३७ | ५-९-२-२ |
| | | ५क | ५५ | २०-११-०-० |

**२. शाखा कार्यालय : नेपालगंज शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

बुझौना थारुको नाति राम लाल थारुको छोरा बर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ७ हाल, बाँसगढी न.पा. वडा नं. ६ बस्ने **डिल बहादुर चौधरी** (ना.प्र.नं : १६७९८, जारी मिति र जिल्ला : २०५८/१२/१९, बर्दिया)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

वेतुलाल थारुको छोरी राम लाल थारुको बुहारी डिल बहादुर चौधरीको पत्नी बर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ७ हाल, बाँसगढी न.पा. वडा नं. ६ बस्ने **रामपति थरुनी** (ना.प्र.नं : ३१०१८, जारी मिति र जिल्ला : २०६३/०२/०७, बर्दिया)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०४/२३ का कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| डिल बहादुर चौधरी | बर्दिया जिल्ला मोतीपुर वडा नं. ७ | ७ङ | ३९५ | १६९३.२० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०७/०१ गते विहीबार भित्र ऋणी प्रकाश हार्डवयर सेन्टरको हकमा यस बैकको शाखा कार्यालय बेनिघाट तथा ऋणी डिल बहादुर चौधरीको हकमा यस बैकको शाखा कार्यालय नेपालगंज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०७/०२ गते शुक्रबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैकको ऋणी प्रकाश हार्डवयर सेन्टरको हकमा यस बैकको शाखा कार्यालय बेनिघाटमा तथा ऋणी डिल बहादुर चौधरीको हकमा यस बैकको शाखा कार्यालय नेपालगंजमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

---

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"


**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np


जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ